**यस पुस्तिकाले एकमुष्ठ भुक्तानि पाउने नीतिको बारेमा वर्णन गर्दछ र साथसाथै एकमुष्ठ भुक्तानिले विपन्न परिवारलाई आर्थिक सहयोग कार्यक्रम (FANF) का लाभ र स्वास्थ्य सुविधा पाउन आवश्यक योग्यतालाई कसरी असर गर्छ भन्ने देखाउँछ। यो सम्पूर्ण पुस्तिका पढिसकेपछि यदि तपाईंसँग कुनै प्रश्न भएमा वा यसलाई पढ्न सहयोग चाहिएमा कृपया तपाईंको 'परिवार सेवा विशेषज्ञ' (FSS) लाई सम्पर्क राख्नु होला।**

**महत्वपूर्ण: के तपाईं एकमुष्ठ भुक्तानिको अपेक्षा गरिरहनुभएको छ?**

प्रायःजसो, तपाईंको सम्पूर्ण या आंशिक आर्थिक सहायताको सट्टा, तपाईंले वा तपाईंको सहायता समूहभित्रको कसैले एकमुष्ठ भुक्तानि प्राप्त गर्नको लागि आवेदन दिनुभएको वा 'विपन्न परिवारलाई आर्थिक सहायोग' प्राप्त गर्नुभएको महिनामा, उक्त एकमुष्ठ भुक्तानि तपाईंको वर्तमान तथा आगामी दिनको निष्चित अवधिको जिउने खर्च टार्न प्रयोग गर्नुहुनेछ भन्ने अपेक्षा गरिन्छ। यसको अर्थ हुन्छ:

- यदि तपाईं एउटा आवेदक भएमा, तपाईंले उक्त महिना वा अझ पछिसम्म **कुनै सहायता पनि** प्राप्त नगर्ने अवस्था आउन सक्छ।
- यदि तपाईं एउटा प्रापक भएमा, एक महिनासम्म तपाईंको आर्थिक सहायतामा कटौति हुन सक्ने छ वा एक वा त्यसभन्दा बढी समयसम्म **तपाईंको भुक्तानि रोक्का हुन सक्छ।**
- यदि हामीले स्वीकृत गरेभन्दा चाँडै उक्त एकमुष्ठ भुक्तान खर्च गरेमा, तपाईंको **कुनै आयस्रोत नभएतापनि** तपाईंले आर्थिक सहायता प्राप्त गर्न सक्नुहुनेछैन।

**यस्तो अवस्था आउन नदिन, कुनै पनि भुक्तान खर्च गरिसक्नु अघि नै कृपया परिवार सेवा विशेषज्ञ (FSS) लाई सम्पर्क गर्नुहोला।**

**एकमुष्ठ भुक्तानि भनेको के हो?**

*एकमुष्ठ भुक्तानि* भनेको कुनै पनि प्रकारको एक पटक मात्र गरिने नगद भुक्तानि हो। केही उदाहरणहरुमा चिट्ठा पर्नु, जागिरबाट संचित लाभहरु, सामाजिक सुरक्षाबाट संचित सुविधाहरु, बेरोजगार या अन्य कार्यक्रमबाट प्राप्त भत्ताहरु, बीमा रकम, एकमुष्ठ पेन्सन वा लाभांश वितरणबाट प्राप्त रकम, र पैत्रिक सम्पत्ति पर्दछन् ।

**एकमुष्ठ भुक्तानि प्राप्त भएमा वा प्राप्त हुने भएमा मैले के गर्नुपर्छ?**

- एकमुष्ठ भुक्तानि प्राप्त भएमा वा प्राप्त हुने निश्चित हुनासाथ तपाईंको **परिवार सेवा विशेषज्ञ (FSS) लाई तुरुन्तै बताउनुहोस्**। उनले यदि तपाईंको आर्थिक सहायतामा कटौती हुने वा रोक्का हुने भए बताउनेछन् र कहिलेसम्मलाई पनि हुन्छ भन्ने कुरा पनि जानकारी गराउनेछन्।
- **FSS** ले तपाईको आर्थिक सहायतामा कस्तो परिवर्तन हुनेछ भन्ने जानकारी नदिएसम्म उक्त एकमुष्ठ भुक्तान **खर्च नगर्नुहोस्।**
- आर्थिक सहायता रोक्का हुने वा कटौती हुने महिनाको निम्ति आफ्नो बजेट सावधानीपूर्वक गर्नुहोस्, किनकि तपाईंको एकमुष्ठ भुक्तानलाई अतिरिक्त खर्चको लागि दिइएको मानिँदैन। यो पैसा जीवन यापनको लागि प्रयोग गर्नु पर्दछ।

**आर्थिक सहायताका फाइदाहरुलाई एकमुष्ठ भुक्तानिले कसरी असर गर्दछ?**

आर्थिक सहायताको निम्ति, तपाईंको एकमुष्ठ भुक्तानिलाई सामान्यतयाः आय मानिन्छ। जब तपाईले एकमुष्ठ भुक्तानि प्राप्त गर्नुहुन्छ, यसलाई तपाईंको आर्थिक सहायताको ठाउँमा प्रयोग गर्नुहुनेछ भन्ने अपेक्षा राखिन्छ। तपाईंका दैनिक खर्चहरुमा एकमुष्ठ भुक्तानिको प्रयोग गर्न सकिने अवधिमा तपाईंले आफ्नो लागि वा तपाईंको सहायता समुहको कुनै सदस्यहरुको लागि पनि नगद सहयोग प्राप्त गर्नुहुनेछैन।

आर्थिक सहायताको निम्ति तपाईंको सहायता समुह अयोग्य रहने समयावधिलाई "अयोग्यताको अवधि" भनिन्छ। यदि अयोग्यताको अवधि सकिनु अघि नै उक्त रकम सक्नुभएमा, प्राय: यस अवधिभर आर्थिक सहायता पाउन सक्नुहुने**छैन**। एकमुष्ठ भुक्तानि प्राप्त भएको समयमा तपाईंको सहायता समुहको सदस्य नभएका व्यक्तिहरुमा अयोग्यताको अवधि लागु हुँदैन।

**मेरो अयोग्यताको अवधि कति लामो हुनेछ?**

तपाई अयोग्य रहने महिनाको संख्या, तपाईंको त्यस महिनाको कुल एकमुष्ठ भुक्तानि र अन्य कुनै गन्न मिल्ने आयलाई तपाईंको आवश्यकताको स्तरले भाग गरी निर्धारण गरिन्छ। तपाईंको एउटा घरधुरीको सदस्य संख्याको निम्ति मासिक आयको सीमा नै तपाईको आवश्यकताको स्तर हो। **यो, अनुदानको निम्ति तपाईंको योग्यता मापन गर्न प्रयोग गरिने 'आयको सीमा' अर्थात् भुक्तानि मानकजस्तो होइन।**

**उदाहरण:** यदि एकमुष्ठ भुक्तानि २८०० डलर छ र तपाईले अन्य आयको रूपमा प्रत्येक महिना २०० डलर प्राप्त गर्नुहुन्छ भने, जम्मा ३,००० डलर हुनेगरी यी आयहरुलाई एकैठाउँमा जोडिन्छ। मानौं, तपाईको आवश्यकताको स्तर मासिक १,५०० डलर छ। यसरी तपाईं आर्थिक सहायताको निम्ति २ महिनासम्म अयोग्य हुनुहुनेछ।

**एकमुष्ठ भुक्तानिले स्वास्थ्य सहायता र रासन कार्ड सुविधाको निम्ति मेरो योग्यतालाई कसरी असर पार्दछ?**

स्वास्थ्य सहायता र रासन कार्ड सुविधाको निम्ति एकमुष्ठ रकमलाई आयको रुपमा गन्ती गरिँदैन। यसलाई स्रोतको रुपमा गणना गरिन्छ र तपाईंको अन्य गणना हुने स्रोतहरुमा जोडिन्छ। यदि तपाईको जम्मा स्रोत, स्रोतको सीमाभन्दा बढी भएमा, स्वास्थ्य सहायता र/वा रासन कार्डको सुविधाहरुलाई रोक्का गरिनेछ।

**के कुल एकमुष्ठ भुक्तानिलाई सधैं गणना गर्ने गरिन्छ?**

गरिँदैन। निष्चित खर्चहरु एकमुष्ठ आयको रकमबाट कट्टा गरिन्छ।तिनमा निम्न कुराहरू पर्दछन्:

- एकमुष्ठ रकम प्राप्तिसँग प्रत्यक्ष रूपमा सम्बन्धित खर्चहरु वा एकमुष्ठ रकमले समेट्ने अपेक्षा राखिएका

खर्चहरु, जस्तै; सम्पत्तिको स्थानपूर्ति वा मर्मत खर्च, स्वास्थ्य खर्च, काजक्रिया खर्च तथा कानूनी शुल्कहरु;

- निवेदन दिने महिनाको लागि दैनिक जीवन यापन भत्ता (निवेदकलाई मात्र); र
- रोजगार सम्बन्धी बेवास्ताहरु, यदि एकमुष्ठ रकम कमाइबाट प्राप्त हो र यी खर्चहरु पहिल्यै कटौती गरिएका छैनन् भने।

तपाईंले आफ्नो एकमुष्ठ भुक्तानिबारे जानकारी गराउँदा यी खर्चहरुको बारेमा जिल्ला कार्यालयलाई जानकारी गराउनु पर्दछ, ता कि तपाईंको अयोग्यताको अवधि तोकिनु अघि नै ती खर्चहरू कटौती गरियोस्।

**के अयोग्यताको अवधिलाई घटाउन सकिन्छ?**

अयोग्यताको अवधिलाई तलका अवस्थाहरुमा मात्रै घटाउन सकिन्छ:

- बासस्थानको लागत बढेर वा जीवन यापनको लागत बढेर वा विभागले गरेका अन्य आन्तरिक बढोत्तरीले गर्दा यदि तपाईंको आवश्यकताको स्तर परिवर्तन भयो भने;
- एकमुष्ठ भुक्तान रकम अत्यन्त संकटपूर्ण अवस्थामा खर्च भयो वा हुनेछ (तर अन्य कुनै आयस्रोत उपलब्ध नभएमा मात्रै) र तपाईंले यो रकम आधारभूत आवश्यकताहरु पूर्ति गर्न मात्रै प्रयोग गर्नुभयो वा गर्नुहुनेछ भनी तपाईंले पुष्टि गर्नुभयो भने; वा
- अयोग्यताको अवधिमा सहायता समुहका सदस्यहरु मध्ये एक अयोग्य सदस्यले स्वीकृत स्वास्थ्य खर्चमा भुक्तान गरेको भन्ने कुरा पुष्टि गर्नुभयो भने।

---

**महत्वपूर्ण!** तपाईंले देख्नु नै भयो एकमुष्ठ रकमका नियमहरु निकै जटिल छन्। **हेक्का रहोस्,** यदि तपाईंले हामीले स्वीकृत गरेभन्दा छिटो एकमुष्ठ रकम खर्च गरिसक्नुभएमा, अन्य कुनै आयस्रोत नभए तापनि आर्थिक सहायता नपाउन पनि सक्नुहुनेछ। यस्तो अवस्था आउन नदिन, **कृपया एकमुष्ठ रकम पाइनेछ भनी थाहा हुनेबित्तिकै वा कम्तिमा उक्त रकम खर्च गर्नु अघि नै तपाईको सम्बन्धित कर्मचारीलाई सम्पर्क राख्नुहोस्।**

---

## स्वास्थ्य तथा मानवीय सेवा विभागका कार्यालयहरु

**BERLIN**
650 Main Street, Ste. 200
Berlin, NH 03570-2496
752-7800 or
800-972-6111
**Fax:** 752-3208

**CLAREMONT**
17 Water Street Ste. 301
Claremont, NH 03743-2280
542-9544 or
800-982-1001
**Fax:** 542-2367

**CONCORD**
40 Terrill Park Drive
Concord, NH 03301-9955
271-6201
800-322-9191
**Fax:** 271-6451

**CONWAY**
73 Hobbs Street
Conway, NH 03818-6188
447-3841 or
800-552-4628
**Fax:** 447-1988

**KEENE**
111 Key Road
Keene, NH 03431
357-3510 or
800-624-9700
**Fax:** 352-2598

**LACONIA**
65 Beacon Street West
Laconia, NH 03246-9988
524-4485 or
800-322-2121
**Fax:** 528-4105

**LITTLETON**
80 North Littleton Road
Littleton, NH 03561-3841
444-6786 or
800-552-8959
**Fax:** 444-0348

**MANCHESTER**
1050 Perimeter Road, Suite 501 Manchester NH
03103-3303
668-2330 or
800-852-7493
**Fax:** 668-5442

**SOUTHERN**
26 Whipple St
Nashua, NH 03060-3213
883-7726 or
800-852-0632
**Fax:** 883-2064

**SEACOAST**
19 Rye St.
Portsmouth, NH 03801-2862
433-8300
800-821-0326
**Fax:** 431-0731

**ROCHESTER**
150 Wakefield St, Ste. 22
Rochester, NH 03867-1309
332-9120 or
800-862-5300
**Fax:** 335-5993

TDD Access: Relay NH 1-800-735-2964 or 7-1-1

Form 77I (Ne)

04/08 rev. 07/11 rev 4/14 rev2 5/16
SR 08-04

# एकमुष्ठ भुक्तानी
# तथा
# विपन्न परिवारलाई आर्थिक सहायोग

Department of Health and Human Services
Division of Family Assistance
State Office
Park South
1050 Perimeter Road, Suite 501
Manchester NH 03103-3303
www.dhhs.nh.gov/DFA